भीरकोट नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
बयरघारी, स्याङ्जा
गण्डकी प्रदेश, नेपाल

पत्र संख्याः २०७९।०८०
चलानी नं

मिति २०७९।०८।२५

प्रथम पटक सूचना प्रकाशन मिति २०७९।०८।२५

## स्वास्थ्यकर्मी सेवा करारमा लिने सम्बन्धी सूचना ।

भीरकोट नगर अस्पतालको लागि तपसिलमा उल्लिखित स्वास्थ्यकर्मीहरु खुला प्रतिस्पर्धाबाट सेवा करारमा पदपूर्ति गर्नुपरेको हुँदा तपसिलमा उल्लिखित योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र माग बमोजिमका कागजातहरुको छायाप्रति संलग्न राखी दरखास्तको लागि लाग्ने दस्तुर तिरेको रसिद संलग्न गरी भीरकोट नगरपालिका नगरकार्यपालिकाको कार्यालयमा निवेदन पेश गर्नु हुन सम्बन्धित सबैको जानकारिको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| क.स | विज्ञापन नं. | पद | तह | आवश्यक संख्या |
|---|---|---|---|---|
| १ | ०४/०७९/०८० | मेडिकल अफिसर | अधिकृतस्तर आठौं | १ जना |
| २ | ०५/०७९/०८० | स्टाफ नर्स | सहायकस्तर पाचौं | १ जना |

१. आवश्यक न्यूनतम योग्यता र अनुभव
   - क) विज्ञापन नं ०४/०७९-०८० मा उल्लिखित मेडिकल अफिसरको लागि नेपाल सरकारबाट मान्यताप्राप्त शिक्षण संस्थाबाट एम.बि.बि.एस.(M.B.B.S) उत्तीर्ण गरी नेपाल मेडिकल काउन्सिलमा दर्ता भएको हुनुपर्नेछ।
   - ख) विज्ञापन नं ०५/०७९-०८० मा उल्लिखित स्टाफ नर्सको लागि नेपाल सरकारबाट मान्यताप्राप्त शिक्षण संस्थाबाट पि.सि.एल. (P.C.L.) नर्सिङ उत्तीर्ण गरी नर्सिङ काउन्सिलमा दर्ता भएको हुनुपर्नेछ ।
   - ग) उमेरको हदः मेडिकल अफिसरको लागि २१ बर्ष पुरा भई ४० बर्ष ननाघेको, स्टाफ नर्सको लागि १८ बर्ष पुरा भई ४० बर्ष ननाघेको ।

२. दरखास्त फाराम पाइने र बुझाउने स्थानः भीरकोट नगरपालिका नगरकार्यपालिकाको कार्यालय बयरघारी, स्याङ्जा ।

३. दरखास्त दिने अन्तिम मितिः- २०७९/०९/१० गते कार्यालय समयभित्र ।

४. आवेदन दस्तुरः- मेडिकल अफिसरको लागि रु. १०००।- (एक हजार मात्र) र स्टाफ नर्सको लागि रु. ५००।- (रु. पाचँ सयमात्र)

५. छनौटको किसिमः- प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन र अन्तरबार्ता आवेदन साथ संलग्न कागजातहरुः- आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिमको कागजातको प्रतिलिपिहरु
   - क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
   - ख) न्यूनतम योग्यताको लब्धाङ्क प्रमाणपत्रको प्रतिलिपि
   - ग) चारित्रिक प्रमाणपत्रको प्रतिलिपि
   - घ) काउन्सिल दर्ताको प्रमाणपत्रको प्रतिलिपि
   - ङ) अनुभव भए सोको कागजात
   - च) २ प्रति पासपोर्ट साइजको फोटो

६. सेवा सुविधा तथा अन्यः नेपाल सरकारको तलब स्केलमा नघट्ने गरी आपसि समझदारीमा तलब स्केल निर्धारण हुनेछ ।

**पुनश्च:** विस्तृत जानकारीको लागि भीरकोट नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, बयरघारी स्याङ्जामा सम्पर्क गर्नुहुन ।

राम प्रसाद पौडेलप्रमुख
प्रशासकीय अधिकृत

राम प्रसाद पौडेल
प्रमुख प्रशासकीय अधिकृत